## कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि (प्रथम संशोधन), २०८२

स्वीकृत मितिः २०८३।०३।०२

**प्रस्तावनाः** कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक र गैर प्राकृतिक विपत्बाट नकरात्मक असर पुगेको कृषि पेसालाई पुर्नस्थापना गर्न पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनलाई पारदर्शी, प्रभावकारी, मितव्ययी र नतिजामूलक बनाउने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आवेदक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना बमोजिम राहत रकम प्राप्त गर्न निवेदन पेस गर्ने कृषक/कृषक समूह/कृषि, पशुपालन तथा मत्स्य सहकारी/निजी फार्म/उद्यमी/कम्पनीलाई सम्झनुपर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनुपर्छ।

(ग) **"कार्यालय"** भन्नाले मन्त्रालय मातहतको कृषि उपक्षेत्रको हकमा कृषि विकास कार्यालय र पशुपन्छी तथा मत्स्य उपक्षेत्रको हकमा पशु सेवा कार्यालय सम्झनुपर्छ।

(घ) **"कृषि उपक्षेत्र"** भन्नाले खेतबारी, बगैंचा र फार्ममा रहेका खडा बाली वस्तु विशेष र कृषि पूर्वाधारमा उत्पादन देखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनुपर्छ।

(ङ) **"कृषि क्षेत्र"** भन्नाले बाली, बागवानी, पशुपन्छी, माछा सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ ।

(च) **"गैर प्राकृतिक विपत्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन र विकिरण चुवाहट, ग्याँस विस्फोटन,



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, रासायनिक प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपत्‌बाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा परेको जुनसुकै विपत् सम्झनुपर्छ।

(छ) **"निर्देशनालय"** भन्नाले कृषि उपक्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य उपक्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ज) **"पशुपन्छी तथा मत्स्य उपक्षेत्र"** भन्नाले पशुपन्छीपालन, मत्स्यपालन र सम्बन्धित पूर्वाधारमा उत्पादनदेखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनुपर्छ।

(झ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ञ) **"प्राकृतिक विपत्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, कटान, पटान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, हुस्सु, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो लगायतका विपत्बाट कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा परेको जुनसुकै विपत् सम्झनुपर्छ।

(ट) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(ठ) **"राहत"** भन्नाले प्रदेश सरकारले कृषि क्षेत्रमा परेको विपत्‌बाट क्षति पुगेका आवेदकलाई उपलब्ध गराउने नगद तथा जिन्सी लगायतका सेवा सुविधा सम्झनुपर्छ।

(ड) **"विपत् व्यवस्थापन"** भन्नाले कृषि क्षेत्रमा विपत् जोखिम न्युनीकरण, विपत् पूर्व तयारी, विपत् प्रतिकार्य र विपत् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरु सम्झनुपर्छ।

(ढ) **"विपत्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपत्‌लाई सम्झनुपर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

३. <u>राहत व्यवस्थापन निर्देशन समितिः</u> (१) राहत व्यवस्थापन सम्बन्धी समन्वय, सहजीकरण र नीतिगत निर्देशन गर्न मन्त्रालयमा देहाय बमोजिमको राहत व्यवस्थापन निर्देशन समिति रहनेछः-

| | |
|---|---|
| मा. मन्त्री, मन्त्रालय | -अध्यक्ष |
| सचिव, मन्त्रालय | -सदस्य |
| निर्देशक, कृषि विकास निर्देशनालय | -सदस्य |
| निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा विषयगत क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) राहत व्यवस्थापन समितिले सिफारिस सहित पेस गरेको राहत रकम बमोजिम विनियोजित बजेटको अधिनमा रही जिल्लागत बजेट बाँडफाँट गर्ने,

(ख) राहत वितरण कार्यलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरुसँग समन्वय र सहजीकरण गर्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्ने,

(घ) कार्यक्रम सञ्चालनको क्रममा आइपरेका बाधा अड्चन फुकाउने।

४. <u>राहत व्यवस्थापन समितिः</u> (१) राहत सिफारिस गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको राहत व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| प्रमुख/प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| प्रमुख/प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय/कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | -सदस्य |
| प्रमुख, कार्यालय | -सदस्य सचिव |



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडे
मन्त्री

(२) समितिले आवश्यक ठानेमा विषयगत क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) कार्यालयबाट राहतको लागि पेस भएका निवेदनहरुको चेकजाँच गरी अयोग्य तथा कागजात अपुग भएका निवेदन अस्वीकृत गर्ने र कागजात पूर्ण भएका निवेदनलाई मापदण्ड बमोजिम राहत रकम सहित राहतको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ख) पेस भएका निवेदन उपर थप स्पष्ट हुन आवश्यक देखिएमा प्राविधिक टोली गठन गरी फिल्ड प्रमाणीकरण गराउने,

(ग) दफा ३ को उपदफा (१) बमोजिम गठित राहत व्यवस्थापन निर्देशन समितिबाट निर्णय भई कार्यालयलाई प्राप्त एकमुष्ट राहत रकम बाँडफाँट गरी विपत्बाट क्षति पुगेका आवेदकलाई वितरणका लागि कार्यालयसमक्ष सिफारिस गर्ने।

(४) एक भन्दा बढी जिल्ला कार्यक्षेत्र भएका कार्यालयको हकमा क्षति पुगेको जिल्लामा गठित राहत व्यवस्थापन समितिले सिफारिस पेस गर्नुपर्नेछ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **निवेदन माग गर्नेः** (१) मन्त्रालयले कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका आवेदकलाई राहत उपलब्ध गराउन अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(२) मन्त्रालयलबाट प्रकाशित सूचना निर्देशनालय र कार्यालयले सूचनापाटी तथा वेबसाईटमार्फत जानकारी गराउनु पर्नेछ।

६. **निवेदन दर्ताः** (१) विपत्बाट क्षति पुगेका आवेदकहरुले कृषि उपक्षेत्रको हकमा सम्बन्धित कृषि विकास कार्यालय र पशुपन्छी तथा मत्स्य उपक्षेत्रको हकमा सम्बन्धित पशु सेवा कार्यालयमा अनुसूची-२ बमोजिमको निवेदन दर्ता गर्नुपर्नेछ।

(२) निवेदन पेस गर्दा अनुसूची-५ बमोजिमको स्थानीय तहको सिफारिस पत्र, अनुसूची-६ बमोजिमको स्वघोषणा पत्र र अनुसूची-१ बमोजिमका आवश्यक कागजात संलग्न गर्नुपर्नेछ।

(३) कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको चैत मसान्तसम्म कार्यालयमा प्रक्रिया पूरा गरी दर्ता भएका आवेदकहरुलाई मात्र सोही आ.व. मा राहत रकम उपलब्ध गराइनेछ।



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

७. <u>राहत व्यवस्थापन समितिमा पेस गर्नुपर्नेः</u> (१) सम्बन्धित कार्यालयले विपत्बाट क्षति पुगेका कृषकहरुमार्फत दर्ता हुन आएका निवेदनहरुको आवश्यक कागजात चेकजाँच एवं आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी प्रतिवेदनसहित राहत माग गर्ने आवेदकहरुको विवरण राहत व्यवस्थापन समितिमा पेस गर्नुपर्नेछ।

८. <u>मन्त्रालयमा पेस गर्नुपर्नेः</u> राहत व्यवस्थापन समितिको राहत रकम सिफारिस सम्बन्धी निर्णय संलग्न गरी राहत रकम मागका लागि सम्बन्धित कार्यालयले सिफारिससाथ <u>यथाशीघ्र</u> मन्त्रालयमा पेस गर्नुपर्नेछ।

९. <u>राहत रकम स्वीकृतिः</u> (१) दफा ८ बमोजिम मन्त्रालयमा पेस हुन आएको राहत रकम स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिमा रही दफा ३ को उपदफा (३) को खण्ड (क) बमोजिम राहत व्यवस्थापन निर्देशन समितिले जिल्लागत राहत रकम बाँडफाँट स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्णय भएको राहत रकम मन्त्रालयले रकमान्तरमार्फत कार्यालयमा पठाउनेछ।

## परिच्छेद-४

## <u>विपत्बाट हुने क्षतिको किसिम र राहत प्रदान गर्ने आधार</u>

१०. <u>विपत्बाट हुने क्षतिको किसिमः</u> (१) आपतकालिन अवस्थामा भएको देहाय बमोजिमको क्षतिलाई राहत सहयोग उपलब्ध गराउन सकिनेछः

(क) विपत्बाट कृषि बाली/वस्तु पूर्ण वा आंशिक रुपमा नोक्सानी भएमा,

(ख) पशुपन्छी तथा मत्स्य उपक्षेत्र विपत्बाट पशुपन्छी तथा माछा मर्न गई वा श्रम गर्ने पशुको हकमा अपाङ्ग हुन गई व्यवसायमा क्षति भएमा,

(ग) कृषि उत्पादन कार्यको लागि प्रयोग गरिने संरक्षित संरचना (बाँसको टनेल, फलामको टनेल, नेट हाउस आदि), पोष्टहार्भेष्ट, भण्डारण तथा बजारीकरण सम्बन्धी पूर्वाधारमा पूर्ण वा आंशिक रुपमा क्षति भएमा,

(घ) पशुपन्छीको गोठ/खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा,

(ङ) कृषि उपक्षेत्र र पशुपन्छी तथा मत्स्य उपक्षेत्रमा प्रयोग हुने मेसिनरी उपकरणको पूर्ण वा आंशिक रुपमा क्षति भएमा।

११. <u>राहत अनुदान सहयोग रकम उपलब्ध गराउने आधारः</u> (१) आपतकालीन अवस्थाबाट भएको देहाय बमोजिमको क्षतिलाई आधार मानी राहत सहयोग प्रदान गरिनेछः

(क) कृषि उपक्षेत्रको उत्पादनदेखि बजारीकरणको अवस्थासम्म पूर्ण वा आंशिक रुपमा नोक्सानी भएमा उत्पादन लागत अनुमानको आधारमा मात्र,



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(ख) पशुपन्छी तथा मत्स्य उपक्षेत्रमा विपत्को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण वा आंशिक रुपमा क्षति भई व्यवसायमा भएको क्षतिको लागत अनुमानको आधारमा मात्र,

(ग) कृषि उत्पादन कार्यकोलागि प्रयोग गरिने संरक्षित संरचना (बाँसको टनेल, फलामको टनेल, नेट हाउस आदि), पोष्टहार्भेष्ट, भण्डारण तथा बजारीकरण सम्बन्धी पूर्वाधारमा पूर्ण वा आंशिक रुपमा क्षति भएमा व्यवसायमा भएको क्षतिको लागत अनुमानको आधारमा मात्र,

(घ) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा क्षतिको लागत अनुमानको आधारमा मात्र,

(ङ) बालीवस्तु विशेष, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेसिनरी उपकरणको पूर्ण वा आंशिक रुपमा क्षति भएमा क्षतिको लागत अनुमानको आधारमा मात्र,

(२) आवेदकले राहत रकम प्राप्त गर्नको लागि सम्बन्धित स्थानीय तहबाट अनुसूची-३ बमोजिम क्षतिको अनुमानित लागत तयार पारी प्रमाणित गराई पेस गर्नुपर्नेछ।

(३) कृषि उपक्षेत्र अन्तर्गत रोग तथा किराको महामारी भए प्राविधिकको अनुसूची-४ बमोजिमको प्रमाणित प्रतिवेदन पेस गर्नुपर्नेछ।

(४) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को आधारमा आउने क्षतिको लागत अनुमान दफा १२ को उपदफा (१) मा उल्लिखित अधिकतम सीमा रकमभन्दा बढी अनुमान भएमा सोही उपदफा बमोजिमको अधिकतम सीमाको रकममात्र उपलब्ध गराइनेछ।

(५) आकस्मिक तथा आपतकालीन अवस्थामा भएको देहाय बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गराईने छैनः-

(क) कृषिको कुनै पनि उपक्षेत्रमा तत्काल आंशिक वा पूर्ण भौतिक क्षति भई उत्पादनमा प्रतिकुल असर नपर्ने प्रमाणित भएमा,

(ख) कृषिको कुनै पनि उपक्षेत्र बाहेक अन्य क्षेत्र जस्तै वन पैदावार, जडीबुटी र जङ्गली जनावर आदिमा हुने क्षति,

(ग) मानव सृजित विषादी सेवन/मिसावटबाट क्षति भएमा,

(घ) बर्ड फ्लु रोग लागेर पन्छीको क्षति भएमा,

(६) बिमा गरिएको हकमा राहत रकम उपलब्ध गराईने छैन।



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

## परिच्छेद-५

## राहत व्यवस्था र भुक्तानी प्रक्रिया

१२. राहत सहयोग रकम उपलब्ध गराउनेः (१) विपत्बाट कृषि र पशुपन्छी तथा मत्स्य उपक्षेत्रमा क्षति भएमा देहाय बमोजिमको राहत रकम प्रदान गरिनेछ।

| क्र.सं. | उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सीमा रकम |
|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. तीस हजार प्रति हेक्टर |
| २. | (क) तरकारी बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास हजार प्रति हेक्टर |
| | (ख) तरकारी बिरुवा/बेर्ना | पूर्ण | क्षतिको लागत अनुमानका आधारमा | रु. दुई प्रति बिरुवा |
| ३. | (क) फलफूल बाली (फल लागेको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. दुई सय प्रति बोट (सुन्तला, किवी, केरा, मेवा, लिची र कागतीको हकमा) |
| | | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पाँच सय प्रति बोट (एभोकाडो, ओखर, आँप र लप्सीको हकमा) |
| | (ख) फलफूल बिरुवा/बेर्ना (फल नलाग्ने अवस्थाको) | पूर्ण रुपमा | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास प्रति बिरुवा |
| ४. | मसला बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानको आधारमा | रु. पचास हजार प्रति हेक्टर |
| ५. | तेलहन बाली | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानको आधारमा | रु. चालीस हजार प्रति हेक्टर |
| ६. | च्याउ खेती | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. दस हजार प्रति टनेल |



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ७. | (क) मौरीपालन | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति गोला |
| | (ख) मौरीघार | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति घार |
| ८. | रेशम पालन | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. तीस हजार प्रति हेक्टर |
| ९. | (क) संरक्षित संरचना/टनेल (बाँसको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास प्रति वर्ग मिटर |
| | (ख) संरक्षित संरचना/टनेल (फलामको) | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक सय पचास प्रति वर्ग मिटर |
| १०. | (क) गाई/भैंसी/घोडा/खच्चड (३-६ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. पाँच हजार प्रति गोटा |
| | (ख) गाई/भैंसी/घोडा/खच्चड (७-१२ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. दश हजार प्रति गोटा |
| | (ग) गाई/भैंसी/घोडा/खच्चड (१३-१८ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. बाह्र हजार प्रती गोटा |
| | (घ) गाई/भैंसी/घोडा/खच्चड (>१८ महिना) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. बीस हजार प्रती गोटा |
| ११. | (क) बंगुर (१-३ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. दुई हजार प्रति गोटा |
| | (ख) बंगुर (४-६ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. चार हजार प्रति गोटा |
| | (ग) बंगुर (७-१२ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. छ हजार प्रति गोटा |
| | (घ) बंगुर (१२ महिना भन्दा बढी) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. दश हजार प्रति गोटा |
| १२. | (क) भेडाबाख्रा (१-३ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. एक हजार प्रति गोटा |
| | (ख) भेडाबाख्रा (४-६ महिनासम्म) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. दुई हजार प्रति गोटा |
| | (ग) भेडाबाख्रा (७-१२ | मरेमा | उमेर र लागत | रु. चार हजार प्रति |



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | महिनासम्म) | | अनुमानका आधारमा | गोटा |
| | (घ) भेडाबाख्रा (१२ महिना भन्दा बढी) | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु. पाँच हजार प्रति गोटा |
| १३. | श्रम गर्ने पशु (२ वर्ष माथिका वयस्क पशु मात्र) | मरेमा वा अपाङ्ग भएमा | क्षति र लागत अनुमानका आधारमा | रु. दस हजार प्रति गोटा |
| १४. | (क) माछा भुरा (१ महिनासम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु. एक प्रति गोटा |
| | (ख) माछा भुरा (२ देखि ३ महिनासम्म) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु दुई प्रति गोटा |
| | (ग) खाने माछा (४ महिना माथि) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु पचास प्रति के.जी. |
| १५. | (क) रेन्बो ट्राउट/असला (फ्राई) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रू. दूई प्रति गोटा |
| | (ख) रेन्बो ट्राउट/असला (फिंगरलिंग) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रू. पाँच प्रति गोटा |
| | (ग) रेन्बो ट्राउट/असला (खाने माछा) | मरेमा | साइज र लागत अनुमानका आधारमा | रू. दुई सय प्रति के.जी. |
| १६. | (क) माछापोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफलको आधारमा | रु एक लाख प्रति हेक्टर |
| | (ख) रेन्बो ट्राउट रेश्वे पोखरी | माछा सहित पोखरी नष्ट भएमा | क्षेत्रफलको आधारमा | रू. पाँच सय प्रति वर्ग मिटर |
| १७. | (क) लोकल कुखुरा/गिरीराज/हाँस (४ महिना माथिको) | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु. दुई सय पचास प्रति गोटा |
| | (ख) लेयर्स (१८ हप्ता माथिको) | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु. दुई सय प्रति गोटा |



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | (ग) ब्रोईलर (३५ दिन माथिको) | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु. एक सय प्रति गोटा |
| १८. | (क) पशु गोठ | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति वर्ग मिटर |
| | (ख) बाख्रा खोर | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति वर्ग मिटर |
| | (ग) कुखुरा खोर | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पाँच सय प्रति वर्ग मिटर |
| | (घ) बंगुर खोर | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. एक हजार प्रति वर्ग मिटर |
| १९. | अन्य पूर्वाधार तथा उत्पादन सामग्री | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | रु. पचास हजार सम्म |
| २०. | अन्य | पूर्ण वा आंशिक | क्षतिको लागत अनुमानका आधारमा | राहत व्यवस्थापन समितिले निर्धारण गरी सिफारिस गर्न सक्ने |

(२) सम्बन्धित जिल्लाको सरकारी दररेट अनुसार लागत रकम तय गर्नुपर्नेछ।

(३) प्रहरीको घटनास्थल मुचुल्का र स्थलगत अनुगमनका आधारमा क्षति भएको क्षेत्रफल र सङ्ख्यालाई आधार मानिनेछ।

(४) दफा १२ को उपदफा (१) को क्र.सं. २० अनुसार अन्य कृषि, पशुपन्छी तथा मत्स्यको हकमा पूर्ण वा आंशिक रुपमा क्षति भएमा राहत व्यवस्थापन समितिले क्षतिको लागत अनुमानको बढीमा २० प्रतिशतले हुन आउने रकम राहत सहयोगको रुपमा सिफारिस गर्न सक्नेछ।

(५) दफा १२ को उपदफा (१) को तालिकामा तोकिएको अधिकतम सीमाभन्दा बढी राहत रकम उपलब्ध गराईने छैन।

(६) एकल व्यक्तिगत फार्मलाई रु. १० (दश) लाख भन्दा बढी राहत रकम उपलब्ध गराईने छैन।

(७) विपत्बाट क्षति पुगेमा कृषकले तुरुन्त नजिकको प्रहरी कार्यालय र सम्बन्धित कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयमा जानकारी गराउनु पर्नेछ।

१०

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(८) आवश्यक परेमा मन्त्रालयले प्राविधिक टोली बनाई स्थानीय तहको सहयोगमा निरीक्षणको लागि प्रभावित क्षेत्रमा पुगी आवश्यक जानकारी लिन सक्नेछ। यसरी खटिएको प्राविधिक टोलीलाई सहयोग गर्नुपर्ने आवेदकको जिम्मेवारी हुनेछ।

(९) आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालय तथा कार्यालयहरुमा दर्ता भएका राहत मागका निवेदनहरुलाई यसै कार्यविधि बमोजिम राहत रकम उपलब्ध गराउने प्रक्रियामा समावेश गराइनेछ।

१३. भुक्तानी विधिः (१) यस कार्यविधि बमोजिम उपलब्ध गराईने राहत रकम देहाय अनुसार भुक्तानी गरिनेछ।

(क) दफा ९ को उपदफा (२) बमोजिम मन्त्रालयबाट रकमान्तर मार्फत कार्यालयमा प्राप्त भएको एकमुष्ट राहत रकम दफा ४ को उपदफा (३) को खण्ड (ग) को अधिकार प्रयोग गरी राहत व्यवस्थापन समितिले विपत्बाट क्षति पुगेका आवेदकलाई बाँडफाँटको निर्णय गर्नेछ।

(ख) खण्ड (क) को निर्णय बमोजिमको रकम सम्बन्धित कार्यालयले विपत्बाट क्षति पुगेका आवेदकको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(ग) संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत रकम प्राप्त आवेदकलाई दोहोरो पर्ने गरी राहत रकम उपलब्ध गराइने छैन।

(घ) राहत रकम भुक्तानी हुनु पूर्व सम्बन्धित आवेदकले संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत रकम नलिएको प्रतिबद्धता लिई तत् पश्चात मात्र भुक्तानी गरिनेछ।

(ङ) खण्ड (क) बमोजिम राहत रकम भुक्तानी प्रक्रियाको क्रममा वा भुक्तानी भइसकेपछि झुठा ठहरिएमा सरकारी रकम बाँकी सरह असुल उपर गर्न कारबाही प्रक्रिया अगाडि वढाइनेछ।

## परिच्छेद- ६

## विविध

१४. दोहोरोपना नहुनेः यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहबाट कार्यान्वयन हुने राहत सम्वन्धी कार्यक्रमसँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण राहत रकम प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> मन्त्रालय र कार्यालयले आवश्यकता अनुसार कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। स्थानीय तहले समेत आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

१६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रक्रिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

१७. <u>संशोधनः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ। आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि क्षेत्रमा विपतबाट क्षति पुगेका कृषकलाई राहत वितरण सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२। ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रम अन्तर्गत "कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८२" बमोजिम प्रभावित कृषकहरुबाट तपसिल बमोजिमका कागजातहरु सहित जिल्लास्थित सम्बन्धित कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. अनुसूची-२ अनुसारको सम्बन्धित कृषकको निवेदन,
२. विपत्बाट भएको क्षति एकिन हुने प्रहरीको घटनास्थल मुचुल्का (स्थानीयवासीको रोहवरमा) को सक्कल वा प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रतिलिपि,
४. सम्बन्धित प्राविधिकको क्षति मूल्याङ्कन प्रतिवेदन,
५. प्रभावित कृषक/संस्थाको बैङ्क खाता नम्बर प्रष्ट देखिने चेकको प्रतिलिपि,
६. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपि,
७. कृषक/संस्थाको स्थायी लेखा नम्बर (PAN)/ मूल्य अभिवृद्धि कर (VAT) नम्बर,
८. सम्बन्धित स्थानीय तहबाट आवेदकले अन्य निकायबाट राहत नलिएको र बिमा नगरेको तथा क्षति भएको बेहोरा खुल्ने सिफारिस पत्र,
९. क्षति देखिने फोटो/दृष्य/वृत्तचित्र,
१०. बिमा नगरेको र राहत नलिएको स्वघोषणा,
११. क्षति भएको जग्गाको लालपुर्जा वा भाडामा लिई खेती गरिएको भए सम्झौता पत्र,
१२. कृषि उपक्षेत्रको हकमा रोग वा किराको महामारी भए प्राविधिक प्रतिवेदन सहित कृषि विकास कार्यालयको सिफारिस,
१३. पशुपन्छी तथा माछामा लाग्ने जिवाणु/विषाणुजन्य रोग तथा महामारी भएको एकिन हुने प्रयोगशाला रिपोर्ट,
१४. अन्य आवश्यक कागजात।

नोटः कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०८२ कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाईट www.molmac.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

# अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## निवेदनको ढाँचा

मितिः

श्रीमान् कार्यालय प्रमुख,

..............................

**विषयः राहत रकम सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा.................................. विपत्ले मेरो खेत/बारी/बगैंचा/फार्ममा ...........................क्षेत्रफलमा रहेको ............................ बाली/पशुपन्छी/माछा/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट भई रु .........................(अक्षरेपि.................) बराबरको अनुमानित रकम क्षति भएकोले कृषि क्षेत्रमा विपत्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रमबाट मेरो परिवारलाई प्रदेश सरकारको तर्फबाट आवश्यक राहत रकम उपलब्ध गराउन तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेस गरेको बेहोरा अनुरोध छ।

संलग्न कागजातहरुः

१. विपत्बाट भएको क्षति यकिन हुने प्रहरीको घटनास्थल मुचुल्का (स्थानीयवासीको रोहवरमा) को सक्कल वा प्रमाणित प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. सम्बन्धित प्राविधिकको क्षति मूल्याङ्कन प्रतिवेदन,
४. प्रभावित कृषक/संस्थाको बैङ्क खाता नम्बर प्रष्ट देखिने चेकको प्रतिलिपि,
५. संस्थाको हकमा दर्ता र पछिल्लो आ.व.को कर चुक्ताको प्रतिलिपि,
६. कृषक/संस्थाको स्थायी लेखा नम्बर (PAN)/ मूल्य अभिवृद्धि कर (VAT) नम्बर,
७. सम्बन्धित स्थानीय तहबाट आवेदकले अन्य निकायबाट राहत नलिएको र बिमा नगरेको तथा क्षति भएको बेहोरा खुल्ने सिफारिस पत्र,
८. क्षति देखिने फोटो/दृष्य/वृत्तचित्र,
९. बिमा नगरेको र राहत नलिएको स्वघोषणा,
१०. क्षति भएको जग्गाको लालपुर्जा वा भाडामा लिई खेती गरिएको भए सम्झौता पत्र,
११. कृषि उपक्षेत्रको हकमा रोग वा किराको महामारी भए प्राविधिक प्रतिवेदन सहित कृषि विकास कार्यालयको सिफारिस,
१२. पशुपन्छी तथा माछामा लाग्ने जिवाणु/विषाणुजन्य रोग तथा महामारी भएको एकिन हुने प्रयोगशाला रिपोर्ट,
१३. अन्य आवश्यक कागजात।

नामः
हस्ताक्षरः
ठेगानाः
छापः

१४

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-३

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## क्षतिको अनुमानित लागत विवरणको ढाँचा

**क्षति भएको किसान/समूह/फार्मको विवरण**

नामः
सम्पर्क नं.:
ठेगानाः

**क्षति मूल्याङ्कन गर्ने प्राविधिकको विवरण**

प्राविधिकको नाम/दर्ता नं.: पदः सम्पर्क नं.:

**क्षतिको विवरण**

प्रकारः मितिः

| (क) कृषि उपक्षेत्र/पशुपन्छी तथा मत्स्य उपक्षेत्र | एकाइ | परिमाण | दर (रू.) | जम्मा लागत (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ख) उत्पादन सामग्री/मेसिनरी औजार | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| (ग) संरचना/पूर्वाधार (क्षेत्रफ़ल) | | | | | |
| | | | | | |
| | | | | | |
| कुल क्षति रकम (रु.) (क+ख+ग) | | | | | |

.................. .................... ......................

तयार गर्ने प्राविधिकको सही सिफारिस गर्नेको सही प्रमाणित गर्नेको सही

**द्रष्टव्यः-** १. कृषिजन्य क्षतिको लागत अनुमान कृषि प्राविधिकबाट गर्नुपर्ने

२. पशुपन्छी तथा मत्स्यजन्य क्षतिको लागत अनुमान सम्बन्धित परिषद्मा दर्तावाल पशु चिकित्सक/प्राविधिकबाट गर्नुपर्ने,

३. भवन/संरचनाको क्षतिको लागत अनुमान सम्बन्धित परिषद्मा दर्तावाल ईन्जिनियर/सव-ईन्जिनियरबाट गर्नुपर्ने।



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-४

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

## क्षतिको प्राविधिक मूल्याङ्कन तथा क्षतिपूर्ति सिफारिस फारम

### १. किसान/फार्म विवरण

| | |
|---|---|
| नाम: | |
| स्थान: | |
| सम्पर्क नं: | |
| बाली/जात: | |
| क्षेत्रफल (हे.): | |
| मिति: | |

निरीक्षण मिति: ...............

### २. कीट/रोग विवरण

| प्रकार | नाम | संक्रमण (%) | क्षति स्तर | वैज्ञानिक नाम |
|---|---|---|---|---|
| कीरा / रोग | | | ☐ हल्का ☐ मध्यम ☐ गम्भीर | |

### ३. क्षति मूल्याङ्कन

संक्रमण (%): ............

प्रभावित क्षेत्रफल (हे.): ............

उत्पादन ह्रास (टन/हे.): ............

आर्थिक क्षति (रु./हे.): ............

कुल क्षति (रु.): ......................

### ४. EIL (Economic Injury Level) मूल्याङ्कन

EIL मान (%): ..........

पाएको संक्रमण (%): ..........

☐EIL भन्दा माथि ☐ तल

### ५. क्षतिपूर्ति सिफारिस

क्षतिको स्तर: ☐ २५% ☐ २५-५०% ☐ ५०-७५% ☐ >७५%

सिफारिस रकम (रु): ...............

### ६. प्राविधिक विवरण

| | |
|---|---|
| नाम: | |
| पद: | |
| कार्यालय: | |
| दस्तखत/छाप: | |

मिति: ..........................

कैफियत/थप सुझाव: ..........................................



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## स्थानीय तहले गर्ने सिफारिस पत्रको ढाँचा

मितिः । ।

श्रीमान् कार्यालय प्रमुख,

... ... ... (कार्यालयको नाम) ... ... ...

विषयः सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... का दिन ... ... ..., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ...कृषक/समूह/सहकारी/फार्म/कम्पनीले सञ्चालन गरेको ... ... व्यवसायमा मिति ... ... ... को ... ... ... कारणले तपसिल अनुसारको क्षति भएको बेहोरा जानकारी गराउँदछु/छौं। सो सम्बन्धमा उक्त ... ... को बीमा नगरेको तथा अन्य कुनै निकायबाट सोही क्षतिवापत राहत रकम नलिएको बेहोरा सिफारीस साथ जानकारीको लागि अनुरोध छ।

तपसिलः

| क्र.सं. | क्षतिको विवरण | एकाइ | परिमाण | राहतका लागि सिफारिस रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

... ... ... ... ... ...

वडा अध्यक्ष

(नाम, छाप)

१७

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-६

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**स्व-घोषणा**

श्रीमान् कार्यालय प्रमुख,

... ... ... (कार्यालयको नाम) ... ... ... ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... का दिन ... ... .., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ... कृषक/समूह/सहकारी/फार्म/कम्पनीले सञ्चालन गरेको ... ... व्यवसायमा मिति ... ... ... को ... ... ... कारणले क्षति भएको बेहोरा जानकारी गराउँदछु/छौं। सो सम्बन्धमा उक्त ... ... को बीमा नगरेको तथा अन्य कुनै निकायबाट सोही क्षतिबापत राहत रकम नलिएको र लिएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं.:



सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री